# गोपनीयविद्यार्थी कार्यसम्पादन रिपोर्ट

## शैक्षिक सफलताको कोलोराडो मापन

विद्यार्थी: E214G6PVFIRSTNAME B. ASTNAME4

एसएएसआइडि: २०१९०६०११५५ जन्ममिति: ०१/०३/२००४

स्कूल: अल्टुरा एलिमेन्टरी स्कूल (०२१४)

डिस्ट्रिक्ट: भ्याली आइइ-१ (०१८०)

वसन्त २०१९

## गणित ग्रेड ६

यस प्राप्ताङ्क रिपोर्टले शैक्षिक सफलताको कोलोराडो मापन(सिमास) गणित परीक्षणमा तपाईंको विद्यार्थीको कार्यसम्पादन बारे जानकारी प्रदान गर्दछ।

- तपाईंको विद्यार्थीको कार्यसम्पादनलाई स्केल प्राप्ताङ्क, कार्यसम्पादन तह, र प्रतिशताङ्क श्रेणीद्वारा प्रस्तुत गरिन्छ। प्राप्ताङ्कहरूलाई एउटा एउटा स्केलमा राखिन्छ जसले गर्दा विद्यार्थीको कार्यसम्पादनलाई विभिन्न वर्षहरूमा तुलना गर्न सकियोस्।
- ग्राफमा, स्केल प्राप्ताङ्कहरू डाइमन्डहरूले प्रस्तुत गरिएका छन्। तपाईंको विद्यार्थीको डाइमन्ड वरिपरिका तीरहरूले, यदि धेरै पटक परीक्षण लिएका खण्डमा तपाईंको विद्यार्थीले प्राप्त गर्न सक्ने प्राप्ताङ्कको विस्तार देखाउँछन्।
- तपाईंलाई आफ्नो विद्यार्थीको कार्यसम्पादन अन्य विद्यार्थीको कार्यसम्पादनसँग तुलना गर्न सजिलो होस् भन्नका लागि स्कूल, डिस्ट्रिक्ट र राज्यको जानकारी प्रदान गरिएको छ। राज्यभरिमा प्रत्येक कार्यसम्पादन तहमा विद्यार्थीहरूको प्रतिशत तलपट्टि ग्राफमा दिइएको छ।
- थोप्ला भएका लाइनहरूले प्राप्ताङ्कहरूको विस्तार कार्यसम्पादन तहहरूमा विभाजित भएको स्थान देखाउँछन्।
- यो रिपोर्ट आफ्नो विद्यार्थीको शिक्षकसँग छलफल गर्न तपाईंलाई प्रोत्साहित गरिन्छ।

तपाईंको विद्यार्थीको प्राप्ताङ्क

**७६३**

**अपेक्षाहरू पूरा गर्‍यो**

**४४औं प्रतिशताङ्क**




### कार्यसम्पादन तह निरूपक* - अपेक्षाहरू भेट्यो

**अपेक्षाहरू भेटेका** विद्यार्थीहरू आगामी ग्रेड तहका लागि मार्गमा हुन्छन् र तिनीहरूले विशिष्ट रूपमा निम्न कुरा प्रदर्शित गर्छन्:

**प्रमुख, अतिरिक्त र सहयोगी विषयवस्तु**

- सीमित सङ्ख्याका प्रस्तुतिकरणहरू र रणनीतिहरू प्रयोग गरेर अनुपात, एकाइ, दर, प्रतिशत र एकाइ रूपान्तरण भएका वास्तविक-विश्वका गणितीय समस्याहरू समाधान गर्न तर्क प्रयोग गर्ने।
- बहु-अङ्क सङ्ख्याहरूलाई भाग गरेर तथा बहु-अङ्क दशमलवहरूमा चारैवटा प्रक्रियाहरू पूरा गरेर एक चरणका शब्द समस्याहरू हल गर्ने। स्काफोल्ड गरिएका शब्द समस्याहरूमा असमान हरहरू भएका भिन्नहरू भाग गर्ने। महत्तम समापवर्तकको प्रयोग गर्दै व्यष्टि गुणधर्म प्रयोग गरेर दुई पूर्ण सङ्ख्याहरूको योग पुनर्लेखन गर्ने। धनात्मक र ऋणात्मक सङ्ख्याहरूलाई सङ्ख्या रेखा(नम्बर लाइन) सँग वा बाहेकै तुलना गर्न सकिन्छ भनेर बुझ्नु। परम मान बुझ्नु। वास्तविक-विश्व समस्याहरू समाधान गर्नका लागि क्रमित युगल नक्सामा देखाउनु। महत्तम समापर्वतक तथा न्यूनतम समापवर्तक पत्ता लगाउनु। दुई पूर्ण सङ्ख्याहरूको योग पुनर्लेखन गर्न व्यष्टि गुणधर्मको प्रयोग गर्नु।
- साङ्ख्यिक र बीजगणितीय अभिव्यञ्जकहरू समाधान गर्नु। गणितीय प्रक्रियाका विशेषताहरू प्रयोग गरेर समान अभिव्यञ्जकहरू पहिचान गर्नु। पूर्ण सङ्ख्या घाताङ्क भएका बीजगणितीय अभिव्यञ्जकहरू लेख्नु, वास्तविक-विश्व समस्याहरू समाधान गर्नका लागि एकल-चरण समीकरण लेख्नु। कुनै वास्तविक विश्व वा गणितीय समस्यामा निरोध वा परिस्थिति प्रस्तुत गर्न विषमता लेख्नु र ग्राफ बनाउनु।
- बहु रणनीतिहरू प्रयोग गरेर बहुभुजहरूको क्षेत्रफल संलग्न भएका वास्तविक-विश्व समस्याहरू समाधान गर्नु। सतहको क्षेत्रफल पत्ता लगाउनका लागि ३-डि चित्रहरूको जाल पत्ता लगाउनु।
- विविधताको मापनका रूपमा औसत परम विचलन प्रयोग गरेर तथ्याङ्कलाई बाकस प्लटहरूमा प्रदर्शित गर्नु र सन्दर्भमा सारांशीकृत गर्नु।

**गणितीय तर्क अभिव्यक्त गर्नु**

- गणनाका गलती बिनै तर्कको सञ्चार गर्नु। अरूको तर्कको व्याख्या र समालोचना गर्नु। ग्रेड-उपयुक्त सञ्चारमा शुद्धता प्रयोग गर्नु।

**नमुना निर्माण र प्रयोग**

- कुनै वास्तविक-विश्व परिस्थितिमा गणित प्रयोग गर्नका लागि सादृश्यहरू प्रयोग गर्नु। निष्कर्ष निकाल्नका लागि मूल्यहरूबीचको सम्बन्ध विश्लेषण गर्नु। उपयुक्त औजारहरू प्रयोग गरेर एउटा नमुना सिर्जना गर्नु, त्यसपछि नतिजामा आधारित रहेर नमुनामा सुधार गर्नु।

कार्यसम्पादन तह निरूपकहरू(पिएलडिज)हरूलाई त्यस किसिमले सङ्गठित गरिन्छ जसले माथिल्लो तहको दक्षता प्रदर्शित गर्ने विद्यार्थीहरूले तल्लो तहका धारणा र सीपहरूमा निपुणता प्राप्त गरेको छ भन्ने मान्छ। पिएलडिजको पूर्ण संस्करण हेर्नका लागि, हेर्नुहोस्:
http://www.cde.state.co.us/assessment/grade_4_english_language_arts_plds

इलक्लासरूम इन एक्सनको कार्यसम्पादन तह सारांशाबाट लिइएको

६

**उद्देश्य**

यस रिपोर्टले गणितमा कोलोराडो शैक्षिक स्तरहरूको तपाईंको विद्यार्थीको निपुणता व्याख्या गर्छ।

सिमास एसेसमेन्ट कार्यक्रमका विषयमा बढी जानकारीका लागि, हेर्नुहोस्
**http://www.cde.state.co.us/assessment/cmas**



05282019-TSTVIJAY-0180-0214 -0000131

# गणित

**गोपनीय**

**सबक्लेम कार्यसम्पादन**

- प्रत्येक चारवटा गणित एसेसमेन्ट सबक्लेमहरूमा तपाईंको विद्यार्थीले आर्जन गरेका अङ्कहरूको प्रतिशत तलका प्रत्येक चित्रको माथिल्लो स्तम्भमा प्रस्तुत गरिएको छ।
- तुलनाका लागि डिस्ट्रिक्ट र राज्य औस्तहरू प्रदान गरिएका छन्।
- गाढा ठाडो रेखाले अपेक्षा पूरा गर्ने कार्यसम्पादन तहमा पुग्दै गरेका विद्यार्थीहरूले समग्र गणित परीक्षणमा प्राप्त गरेका अङ्कहरूको औसत प्रतिशत देखाउँछ।

विद्यार्थीको कार्यसम्पादन
डिस्ट्रिक्टको औसत
राज्यको औसत
कार्यसम्पादन तह अपेक्षाहरू पूरा गर्ने विद्यार्थीहरूको औसत

| | सम्भव अङ्कहरू | आर्जित अङ्कहरूको प्रतिशत* |
|---|---|---|
| **गणित** | | |
| **प्रमुख विषयवस्तु**<br>विद्यार्थीहरूले अनुपात, दरहरू, प्रतिशत, ऋणात्मक सङ्ख्याहरूको बोध, ग्राफिक बिन्दुहरू र साधारण रेखीय फङ्सनहरू, रेखीय अभिव्यञ्जकहरू, र रेखीय समीकरणहरू भएका समस्याहरू समाधान गर्नेछन्। | २० | ७५% |
| **अतिरिक्त र सहयोगी विषयवस्तु**<br>विद्यार्थीहरूले क्षेत्रफल, आयतन र तथ्याङ्कहरू भएका समस्याहरू समाधान गर्नेछन्। | ९ | ०% |
| **गणितीय तर्कको अभिव्यक्ति**<br>विद्यार्थीहरूले तार्किक गणितीय समाधानहरू सिर्जना र पुष्टि गर्नेछन् तथा अरूका तर्कहरूको विश्लेषण गर्नुका साथै ती तर्कहरू सच्याउने छन्। | ११ | ९१% |
| **नमुना निर्माण र प्रयोग**<br>विद्यार्थीहरूले वास्तविक-विश्व समस्याहरू समाधान गर्नेछन्, सङ्केतहरू भएका समस्याहरू प्रस्तुत र समाधान गर्नेछन्, परिमाणात्मक तर्क दिनेछन्, र रणनैतिक रूपमा उपयुक्त औजारहरू प्रयोग गर्नेछन्। | ११ | ४५% |




आर्जित गरेका अङ्कहरूलाई वर्षअनुसार तुलना गर्न सकिँदैन किनकि एकल आइटमहरू वर्षै पिच्छे परिवर्तन हुन्छन्। तिनीहरूलाई सबक्लेमहरूमा पनि तुलना गर्न सकिँदैन किनकि आइटमका सङ्ख्याहरू र आइटमको कठिनता एउटै नहुन सक्छ।

यस एसेसमेन्टमा सामेल गरिएका स्तरहरूबारे बढी जानकारीका लागि कृपया कोलोराडो शिक्षा विभागको वेबसाइट **http://www.cde.state.co.us/coreadingwriting/statestanda** हेर्नुहोस्।